आज मिति २०७८ माघ २५ गते, मंगलबार दिनका ३:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी

**विषयहरु :-**

१. विद्यालय सहयोग सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

४. विविध ।

**निर्णयहरुः-**

१. यस नगरपालिकाको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको मिति २०७८।८।२८ गतेको बैठकबाट भक्तपुर नगरपालिकाभित्र संचालित सामुदायिक आधारभूत विद्यालयहरुको बाल विकास केन्द्र (ECD) को स्तरोन्नतिका लागि नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा प्रतिविद्यालय रु.१,००,०००।- (अक्षरुपी एक लाख रुपैयां मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय भए बमोजिम तपसिलका विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिससाथ आर्थिक सहयोग लागि निवेदन पेश गरेको विषयमा छलफल हुंदा माग बमोजिम निम्न विद्यालयहरुलाई प्रतिविद्यालय रु.एक लाख आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो :

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | वडा नं. | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सन्तति आधारभूत विद्यालय | सृजनानगर | १ | १,००,०००।- | |
| २ | ज्ञानविजय आधारभूत विद्यालय | दुधपाटी | १ | १,००,०००।- | |
| ३ | उदय आधारभूत विद्यालय | इताछें | १ | १,००,०००।- | |
| ४ | शारदा आधारभूत विद्यालय | बाराही स्थान | ४ | १,००,०००।- | |
| ५ | बालमन्दिर आधारभूत विद्यालय | दरवार क्षेत्र | ३ | १,००,०००।- | |
| ६ | जनसेवा आधारभूत विद्यालय | मंगलाछें | ४ | १,००,०००।- | |
| ७ | बरदायणी आधारभूत विद्यालय | टौमढी | ५ | १,००,०००।- | |
| ८ | भारती आधारभूत विद्यालय | ल्योसिंखेल | ५ | १,००,०००।- | |
| ९ | द्योला आधारभूत विद्यालय | भेलुखेल | ५ | १,००,०००।- | |
| १० | श्री आधारभूत विद्यालय | याछें | ६ | १,००,०००।- | |
| ११ | बालसेवक आधारभूत विद्यालय | हनुमानघाट | ७ | १,००,०००।- | |
| १२ | नविन आधारभूत विद्यालय | गोल्मढी | ७ | १,००,०००।- | |
| १३ | चण्डेश्वरी आधारभूत विद्यालय | बासिगचा | ७ | १,००,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | भीम आदर्श आधारभूत विद्यालय | लिवाली | ८ | १,००,०००।- | |
| १५ | समाजसेवा इन्ष्टिच्यूत आधारभूत विद्यालय | इनाचो | ८ | १,००,०००।- | |
| १६ | महेन्द्र आधारभूत विद्यालय | जेंला | ८ | १,००,०००।- | |
| १७ | ब्रम्हायणी आधारभूत विद्यालय | लिवाली | ८ | १,००,०००।- | |
| १८ | सिद्धि शारदा आधारभूत विद्यालय | लिवाली | ८ | १,००,०००।- | |
| १९ | दत्तात्रय आधारभूत विद्यालय | तचपाल | ९ | १,००,०००।- | |
| २० | हंशवाहिणी आधारभूत विद्यालय | महालक्ष्मी स्थान | १० | १,००,०००।- | |
| २१ | ब्रम्हचारिणी आधारभूत विद्यालय | क्वाठण्डौ | १० | १,००,०००।- | |

**२. विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :**

**क. निर्माण समिति**

मिति २०७८/१०/२३ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | पञ्चमुखेश्वर महादेव परिसरमा शौचालय निर्माण तथा सुधार कार्य | ५ | बाग्मती प्रदेश सशर्त अनुदान | १,२००,०००।०० | | | | | | | | |
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सिलाई र बुटिक तालिम कक्षमा विद्युतीकरण तथा मर्मत कार्य | | सडक बत्ती तथा इलेक्ट्रिकल | १७,३३६।६१ | | | ११,६००।०० | ११,६००।०० | १६,२९०।६५ | सम्पन्न | रोशन मैया सुवाल | |
| रिभाइज ल.ई स्वीकृति तथा पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हौं हौं पाटी पुन:निर्माण कार्य | १ | हों हों पाटी | ६,११९,५७२।९८ | ६,६८७,८९५।४९ | २,०००,०००।०० | ३,२९७,८३०।६९ | १,२९७,८३०।६९ | ४,३३६,८९२।९४ | आंशिक सम्पन्न | राजन कोजु | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | इखालाछी मठ पुन:निर्माण कार्य | ४ | इखालाछी मठ | ८,७७५,७३७।४६ | | २,०००,०००।०० | ३,६६३,१७८।०० | १,६६३,१७८।०० | ३,६८१,९६३।४१ | आंशिक सम्पन्न | पुरूषोत्तम तमखु |
| २ | बेताल द्यो:छे पुन:निर्माण कार्य | ५ | बेताल द्यो:छें | ९,९८०,४७४।५६ | पहिलो किस्ता | ३,०००,०००।०० | ३,२३४,३२८।९३ | २३४,३२८।९३ | ३,३१०,०९८।४० | आंशिक सम्पन्न | रामेश्वर मचामसी |
| | | | | | **दोस्रो किस्ता** | **२,५००,०००।००** | **३,२६१,१५५।००** | **७६१,१५५।००** | **३,७३६,७०५।४४** | | |
| | | | | | **जम्मा** | **५,५००,०००।००** | **६,४९५,४८३।९३** | **९९५,४८३।९३** | **७,०४६,८०३।८४** | | |
| ३ | लक्ष्मी नरसिहं मन्दिर पुन:निर्माण कार्य | ४ | लक्ष्मी नरसिंह मन्दिर | ८,७९३,७०८।४३ | | २,९००,०००।०० | ५,२२२,६७८।०० | २,३२२,६७८।०० | ५,२५७,१२१।४४ | आंशिक सम्पन्न | शिवराम किजु |
| ४ | चुपिं घाटस्थित भजन मण्डल जिर्णोद्धार कार्य (पहिलो चरण) | ५ | बागमती प्रदेश स:शर्त अनुदान | १,३९०,२४३।४१ | | ४००,०००।०० | ५५३,३५२।९६ | १५३,३५२।९६ | ५७०,२३४।८९ | आंशिक सम्पन्न | पुण्यराम सुवाल |
| ५ | भेलुखेलदेखि ५ न. वडा कार्यालय अगाडि हुँदै टौमढीसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य (वडा कार्यालय परिसर) | ५ | सडक बोर्ड नेपाल | १,०४६,७८२।७८ | | ३३०,०००।०० | ९९९,६६९।१६ | ६६९,६६९।१६ | १,१६४,६५३।६३ | सम्पन्न | गोविन्द तमखु |
| ६ | मिनिबस पार्कमा ढलान बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल | १,०३१,४२१।०८ | | ३३०,०००।०० | ५६९,८८९।८५ | २३९,८८९।८५ | ६९२,३९१।१५ | आंशिक सम्पन्न | मदन गांसी |

३. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ ग २९४१ को बाकोलोडर गाडी मर्मत गरे वापत रु. ३३,८७४।७२ हाम्रो हेभी इक्वीपमेन्ट वर्कशप प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

ख. नपाको बा ३४ प ८६३० नं. को मोटरसाइकल मर्मत गरे वापत रु.६,०५०।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ख. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत रु.६१,५९०-। दिव्य स्वीट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

ग मिति २०७८ माघ १२ गतेदेखि १३ गतेसम्म राष्ट्रिय सभाको निर्वाचन तथा ख्वप अस्पताल संचालन अनुमतिका लागि भ्रमण जान कम्प्युटर अधिकृत श्री जौवन कोजूले रु.५०,०००।- पेश्की लिएकोमा रु.१०,२५०।- बराबरको बिल भपाई पेश गरी बांकी रकम दाखिला गरी निजको नाममा रहेको पे.फ. गरियो ।

घ. भक्तपुर नगरपालिकाको ऐतिहासिक तथा पुरातात्विक जगनाथ, साकोठा, तालादम्फो क्षेत्रमा निजी आवास भई बसेका स्थानीय बासिन्दाहरुसँग आपसी छलफल गरी भक्तपुर नगरपालिकाद्वारा संचालित लिवाली जग्गा एकीकरण आयोजना आवास क्षेत्रको उपयुक्त जग्गासँग सट्टापट्टा गर्न गठित समितिको मिति २०७८ माघ १७ गतेको बैठकबाट सिफारिस साथ पेश हुन आएको भक्तपुर नगरपालिकाको मिति २०७७ असार २८ गते मजदुर दैनिकमा प्रकाशित सूचना अनुसार प्रस्तावक विनामैयाँ तुल्सीबाख्यो सुवालले भ.न.पा. वडा नं. २(ङ)७ हाल परिवर्तित ऐ. वडा नं. ८ कि.नं. १६४ क्षे.फ. १-५-२-१.४५ को जग्गा भक्तपुर नगरपालिकाको कभर्ड हल निर्माण प्रयोजनका लागि दिई भक्तपुर नगरपालिकाद्वारा संचालित लिवाली जग्गा एकीकरण आयोजना (आवास क्षेत्र) स्थित भ.न.पा. २(ङ)४ कि.नं. ८५ क्षे.फ. ०-८-१-०.२८, २(ङ)७ कि.नं. २८ क्षे.फ. ०-९-१-१.०८ र २(ङ)४ कि.नं. ३७ क्षे.फ. ०-३-१-१ को जग्गाहरु लिने गरी प्रस्ताव पेश गरिएकोमा उक्त जग्गाहरुको मूल्य तुलनात्मक रुपमा हेर्दा कि.नं. १६४ को मूल्य क्रमशः सरकारी मूल्यांकन अनुसार प्रतिआना रु.६,९६,०००।-, चलन चल्तीमा प्रतिआना रु.७,४१,०८३।- स्थानीय सर्जमिनबाट खुली आए अनुसार प्रतिआना रु.२५,००,०००।- कारोवार मूल्य देखिएको र लिन चाहेको कि.नं. ८५ को मूल्य क्रमशः सरकारी मूल्यांकन अनुसार प्रतिआना रु. ६,९६,०००।-, चलन चल्तीमा प्रतिआना रु.७,२५,७३३।- स्थानीय सर्जमिनबाट खुली आए अनुसार प्रतिआना रु.२५,००,०००।-, कि.नं. २८ को मूल्य क्रमशः सरकारी

मूल्यांकन अनुसार प्रतिआना रु.६,९६,०००।-,चलन चल्तीमा प्रतिआना रु. ७,०८,३४४।- स्थानीय सर्जमिनबाट खुली आए अनुसार प्रतिआना रु.२५,००,०००।- र कि.नं. ३७ को मूल्य क्रमशः सरकारी मूल्यांकन अनुसार प्रतिआना रु.६,९६,०००।-, चलन चल्तीमा प्रतिआना रु.१३,५८,४९०।- स्थानीय सर्जमिनबाट खुली आए

अनुसार प्रतिआना रु.२५,००,०००।- भएको देखिएको, सट्टापट्टा गरी दिने प्रस्तावित गरिएको जग्गाको क्षे.फ. एकमुष्ठ क्षे.फ. १-५-२-१.४५ रहेको र सट्टापट्टा गरी लिने प्रस्ताव गरिएको तीन वटा कित्ता जग्गाको क्षे.फ. क्रमशः ०-८-१-०.२८, ०-९-१-१.०८ र ०-३-१-१ गरी जम्मा क्षे.फ. १-४-३-२.३६ देखिन आएको। सट्टापट्टामा गरी लिन र दिन प्रस्ताव गरिएका जग्गाहरुको सरकारी मूल्यांकनले हुन आउने मूल्य- प्रति आना रु. ६,९६,०००।- को ३०५ ले हुन आउने रु. २,०८,८००।- र सर्जमिनबाट खुलि आएको मूल्य- प्रति आना रु. २५,००,०००।- को ७०५ ले हुन आउने रु. १७,५०,०००।- को योगफलबाट कायम हुने मूल्य- प्रति आना रु. १९,५८,८००।- प्रति आना मूल्यांकन कायम गरी सो मूल्यांकन अनुसार हुने गरी घटीबढी क्षे.फ.को जग्गा बराबर रकम आपसमा लिने दिने गरी सट्टापट्टा गर्न वाञ्छित हुने व्यहोराको सिफारिस सम्बन्धमा छलफल हुँदा उक्त मूल्यांकन समितिबाट भएको सिफारिस अनुसार सट्टापट्टा गरी लिने दिने जग्गाको प्रति आना रु. १९,५८,८००।- मूल्यांकन कायम गरी घटीबढी क्षे.फ.को जग्गा बराबर रकम आपसमा लिने दिने गरी उक्त भ.न.पा. वडा नं. २(ङ)७ हाल परिवर्तित ऐ. वडा नं. ८ कि.नं. १६४ क्षे.फ. १-५-२-१.४५ को जग्गा खेलकुद लगायत न.पा.को अन्य प्रयोजनको लागि समेत उपयुक्त भएको हुंदा भक्तपुर नगरपालिकाको कभर्ड हल निर्माण प्रयोजनका लागि लिने र भक्तपुर नगरपालिकाद्वारा संचालित लिवाली जग्गा एकीकरण आयोजना (आवास क्षेत्र) स्थित भ.न.पा. २(ङ)४ कि.नं. ८५ क्षे.फ. ०-८-१-०.२८, २(ङ)७ कि.नं. २८ क्षे.फ. ०-९-१-१.०८ र २(ङ)४ कि.नं. ३७ क्षे.फ. ०-३-१-१ को जग्गाहरु दिने र जग्गा सट्टापट्टा/रजिष्ट्रेशन पारित गर्दा आ-आफ्नो क्षेत्रफल बराबरको रजिष्ट्रेशन दस्तुर सट्टापट्टा गरी लिने दिने आ-आफूले नियमानुसार व्यहोर्ने गरी जग्गा सट्टापट्टा गर्ने निर्णय गरियो।

सोका लागि भक्तपुर नगरपालिकाको तर्फबाट कानून अधिकृत (अधिकृतस्तर छैटौं) राज कुमार त्वायनालाई अख्तियारी दिने निर्णय गरियो।